# मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-३

मिति :- २०८३/०३/३१ गते

आज मिति २०८३ साल असार ३१ गते बुधवारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | २०८३/०३/३१ | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | शान्ता | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | Rita | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

**निर्णय नं ५**

प्रस्तावित कालीगण्डकी जलासययुक्त जलविद्युत आयोजना (६४० मेगावाट) को वातावरणीय प्रभाव मुल्यांकनमा मोदी गाउँपालिकालाई आयोजनाबाट प्रभावित क्षेत्रको रुपमा नसमेटिएको हुँदा कालीगण्डकीको सहायक नदीको रुपमा रहेको मोदी खोलाबाट प्रत्यक्ष प्रभावित भुगोलमा अवस्थित यस मोदी गाउँपालिकामा उक्त जलासययुक्त आयोजनाबाट स्थानीय पर्यावरण, नदीमा निर्भर स्थानीय समुदायको जिविकोपार्जन, स्थानीय बजार तथा व्यवसायमा प्रभाव, धार्मिक सांस्कृतिक प्रभाव, स्थानीय भौतिक पुर्वाधार, विपदजन्य घटनाको संम्भावना, नदीजन्य श्रोतको उपयोग, धार्मिक, सांस्कृतिक तथा पर्यापर्यटन जस्ता क्षेत्रमा प्रभाव पर्ने भएकोले मोदी गाउँपालिकालाई कालीगण्डकी जलासययुक्त आयोजनाको प्रभावित क्षेत्रको रुपमा समावेश गर्न नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, विद्युत विकास वोर्डमा ध्यानाकर्षण सहित अनुरोध गर्ने।

**निर्णय नं ६**

मोदी गाउँकार्यपालिकाबाट विभिन्न मितिमा निर्णय भई गाउँकार्यपालिकाको कार्यालयबाट प्रदान गरिएका आर्थिक सहायता सम्बन्धी खर्चको अनुमोदन गर्ने ।

**निर्णय नं ७**

चालु आ व २०८२/०८३ मा  उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका विभिन्न आयोजनाहरुको दिगोपना तथा आवश्यक मर्मत सम्भार संरक्षण एवं दिगो उपयोगलाई सुनिश्चित गर्न सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गाउँकार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं ८**

अर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिकामा २०८३ बैशाख २९ गते भएको सवारी दुर्घटनामा परी घाईते भई उपचारको क्रममा रहनुभएकी सिनियर सव इन्जिनियर श्री दिपा सुबेदीको घर विदा स्वीकृत सम्बन्धी गाउँकार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिखार, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष

## मोदी गाउँपालिका गाउँ कार्यपालिका
## बैठक मिति २०८३/०३/३१ गतेको निर्णय

बैठक संख्या १६

**निर्णय नं १**

चालु आ व २०८२/०८३ मा स्वीकृत बजेट तथा कार्यक्रम मध्ये चालु तथा पुँजीगत तर्फ भएको देहाय बमोजिम भएको खर्चलाई अनुमोदन गर्ने ।

तपसिल

| क्रसं | खर्च शिर्षक | विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | ४८०३५२०००।- | ४०२४३२५४८.०८ | ८३.७८ | |
| २ | पुँजिगत खर्च | १५६०२५०००।- | ८३४८६५३८.४५ | ५३.५१ | |
| | कुल जम्मा | ६३६३८००००।- | ४८५९०८६.५३ | ७६.३५ | |

**निर्णय नं २**

आ व २०८१/०८२ मा संघिय समपुरक अनुदान अन्तर्गत ठेक्का सम्झौता भई पछिल्लो पटक २०८३ असार मसान्त सम्म म्याद थप भएको कु न पा ११ गँगटे गोतामेथर राँपु हुँदै आर्थर जोड्ने सडक आयोजनाको निर्माण कार्यको नेपाल सरकार वा गण्डकी प्रदेश सरकारबाट मान्यता प्राप्त प्रयोगशालाबाट गुणस्तर परिक्षण गराई तोकिएको गुणस्तर कायम भएको प्रमाणित भएमा हालसम्म भएको निर्माण कार्यको प्राविधिक नापजाँच तथा मुल्यांकन गरी सार्वजनिक खरिद ऐन नियमावलीको अधिनमा रही आवश्यक प्रक्रिया अगाडी बढाउने ।

**निर्णय नं ३**

मोदी गाउँपालिकाको आवधिक गाउँ शिक्षा योजना (२०८३/०८४-२०८७/०८८) स्वीकृत गर्ने।

**निर्णय नं ४**

मोदी गाउँपालिका क्षेत्रभित्र साविकमा निर्माण सम्पन्न भएका आवासिय तथा व्यावसायिक भवनहरुको अभिलेखिकरण गर्ने सम्बन्धी म्याद २०८३ असार मसान्त सम्म कायम रहेकोमा आम नागरिकहरुको हितलाई मध्यनजर गर्दै आगामी २०८३ पौष मसान्त सम्म म्याद थप गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

हिरादेवी शर्मा
अध्यक्ष